महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

गैडाबाज, दैलेख

कर्णाली प्रदेश, नेपाल

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०४/२४)

महाबु गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस पालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १ | १/०७९/८० | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैटौं तह सरह | १ जना | (क) छैटौं तह सरहको रोजगार संयोजकका लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको<br>(ख) दरखास्त दिने अन्तिम मिति छैटौं तह सरहको लागि २१ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको<br>(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।<br>(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको । |
| २ | २/०७९/८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना | (क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको<br>(ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको<br>(ग) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको<br>(घ) पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ । |
| ३ | ३/०७९/८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना | (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,<br>(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,<br>(ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको |

४. दरखास्त दिने स्थानः महाबु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, गैडाबाज, दैलेख ।

५. दरखास्त दिने अन्तिम मितिः २०७९/०५/०७

६. आवेदनको दस्तुरः रोजगार संयोजकका लागि रु. १०००/- र प्राविधिक सहायक र रोजगार संयोजकका लागि रु ५००/-

७. छनौटको किसिमः प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

८. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

क) नागरिकता
ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाण पत्र
घ) तालिमको प्रमाणपत्र
ङ) अनुभव भए सोको कागजात
च) २ प्रति पासपोर्ट फोटो

९. सेवा सुविधा तथा अन्यः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड बमोजिम हुनेछ । (आवेदनको ढाँचा र सम्बन्धीत पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय तथा गाउँपालिका वेवसाइट (www.mahabumun.gov.np )बाट उपलब्ध हुनेछ ।)

१०. थप जानकारीको लागि इमेलः ito.mahaburmun@gmail.com सम्पर्क नम्वर ९८५१०५९७२० /९८६४९३४६५१

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत